# छत्रदेव जनस्वास्थ्य गतिविधी

## छत्रदेव गाउँपालिका स्वास्थ्य शाखाद्वारा २०८१ मङ्सिर महिनामा सञ्चालित गतिविधिहरुको संगालो

वर्षः २ अंकः ६ महिनाः पौष

### यस सामग्रीमा समावेश भएका विषयवस्तुहरुः

*१. २०८१ मङ्सिर महिनामा सञ्चालित क्रियाकलापहरुको विवरण*
*२. पोषण कार्यक्रमको वार्षिक समीक्षा सम्बन्धी विवरण,*
*३. निःशुल्क आँखा जाँच तथा मोतियाविन्दुको अप्रेशन शिविर सम्बन्धी जानकारी*
*४. सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका दिवस २०८१ सम्बन्धी विवरण*

### २०८१ मङ्सिर महिनामा छत्रदेव गाउँपालिका स्वास्थ्य शाखा द्वारा सञ्चालित क्रियाकलापहरु

*१. स्वास्थ्य संस्थाहरुको मासिक समीक्षा बैठक सम्पन्न*
*२. पोषण कार्यक्रमको वार्षिक समीक्षा सम्पन्न,*
*३. सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका दिवस २०८१ सम्बन्धी विवरण सम्पन्न,*
*४. २०८१ कार्तिक महिनामा सम्पादन गरिएका क्रियाकलापहरु,*

### स्वास्थ्य संस्थाहरुको मासिक समीक्षा बैठक सम्पन्न

छत्रदेव गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था प्रमुखहरुको सहभागिता तथा स्वास्थ्य शाखा प्रमुखको अध्यक्षतामा भाद्र महिनाको मासिक समिक्षा बैठक २०८१ मङ्सिर ५ गते सम्पन्न भएको थियो। छत्रदेव गाउँपालिकामा सम्पन्न बैठकमा मङ्सिर महिनामा स्वास्थ्य संस्थाहरुमा सञ्चालित क्रियाकलापहरुको समीक्षा गरिएको थियो। महिनाभर सञ्चालित क्रियाकलापको प्रभावकारिता सम्बन्धमा आवश्यक छलफल गरी सुझाव लिनेदिने कार्य गरिएको थियो। स्वास्थ्य संस्थाहरुले DHIS2 मा तथ्याङ्क प्रविष्टी गर्ने कार्य पुरा गरेकोले स्वास्थ्य शाखाबाट भेरिफकेशन गरी तथ्याङ्कमा देखिएका समस्याहरुको बारेमा सुधारका लागि पृष्ठपोषण दिने लिने कार्य गरिएको थियो।



### पोषण कार्यक्रमको आ.व. २०८१/०८१ को गाउँपालिका स्तरीय वार्षिक समीक्षा कार्यक्रम सम्पन्नः

कार्यक्रम संचालन भईरहेको अवस्थामा कार्यक्रमको प्रभावकारीता तथा थप प्रभावकारी बनाउन गर्नुपर्ने सुधारात्मक उपायहरुको खोजी गर्न आवधिक रुपमा समिक्षा गर्नुपर्ने हुन्छ। स्थानीय तहहरुमा स्वास्थ्य सूचना व्यवस्थापनलाई सुदृढ र व्यवस्थित बनाउने उद्धेस्यले स्वास्थ्य संस्थावाट प्रदान गरेका सेवाको अभिलेख अनुसारको प्रतिवेदन भए नभएको एकीन गर्नुको साथै स्वास्थ्य संस्था, गाउँघर क्लिनिक, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरु लगाएतले प्रदान गरेका सेवाहरुलाई लेखाजोखा गरी सञ्चालित पोषण सम्बन्धी स्वास्थ्य कार्यक्रमको लक्ष प्रगतीको समिक्षा गरी स्थानीय स्तरमा पोषण सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्ने क्रममा देखापरेका समस्याहरुको पहिचान तथा समाधानका उपायहरुको खोजी गरी सुधार गर्न सहयोग गर्नुनै यस कार्यक्रमको प्रमुख उद्धेस्य हो।

यस कार्यक्रमले स्वास्थ्यकर्मीहरुमा देखिएको फरक बुझाईलाई एकरुपता कायम गरी अभिलेख एवं प्रतिवेदनमा समेत सुधार ल्याउने बिश्वास लिईएको हुन्छ। स्थानीय तहको प्रगतीलाई जिल्ला तथा केन्द्रियस्तरको प्रगती संग तुलना गरी आफ्नो बास्तविक अवस्था समेत थाहा पाउन मद्धत गर्दछ। विगत बर्षहरु संग तुलनात्मक बिश्लेषण गरी थप प्रगती हासिल गर्न चालु वर्षमा के कस्ता कृयाकलापहरु सञ्चालन गर्ने र कुन कार्यक्रमलाई बढि प्राथमिकता प्रदान गर्ने भन्ने मार्गदर्शन समेत प्रदान गर्ने अपेक्षा गरी यस कार्यक्रमको आयोजना गरिएको हो।

उद्घाटन शत्र, प्राविधिक शत्र र समापन शत्र गरी तीन चरणमा सम्पन्न कार्यक्रममा छत्रदेव गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य संस्था प्रमुखहरु, सेवाप्रदायक स्वास्थ्यकर्मीहरु लगायतको सहभागितामा छत्रदेव गाउँपालिका स्वास्थ्य शाखा प्रमुखको सहजीकरणमा सञ्चालित उक्त कार्यक्रमको अध्यक्षता गाउँपालिका अध्यक्षले गर्नु भएको थियो। कार्यक्रममा स्थानीय स्वास्थ्य संस्था प्रमुखहरुले आफ्नो संस्थाको तर्फवाट र समग्र गाउँपालिकाको तर्फवाट स्वास्थ्य शाखा प्रमुखवाट प्रगती विवरण प्रस्तुत गरिएको थियो। उक्त कार्यक्रममा गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुखबाट बहुक्षेत्रीय पोषण योजना तेश्रोको बारेमा समेत प्रस्तुतीकरण गर्नुको साथै उक्त योजना र गाउँपालिकामा सञ्चालित पोषण सम्बन्धी कार्यक्रमहरुको अन्तरसम्बन्धको बारेमा समेत प्रष्ट्याउनु भएको थियो। स्मृती गौतमले

## पोषण कार्यक्रमको आ.व. २०८१/०८१ को .........

सञ्चालन गरेको उक्त कार्यक्रममा चालु वर्षका लागि संघीय ससर्त तर्फ र गाउँपालिका तर्फबाट रहेका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन आवश्यक योजना बनाउनुको साथै व्यापक अन्तरक्रिया समेत गरिएको थियो ।




समापन शत्रमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतबाट गाउँपालिकामा अन्य स्वास्थ्य कार्यक्रमहरु जस्तै पोषण कार्यक्रम पनि प्रभावकारी रुपमा सञ्चालनमा रहेको र थप प्रभावकारी बनाउँदै गाउँपालिकामा कुपोषणको कारण हुने स्वास्थ्य जोखिमलाई न्यूनीकरण गर्ने कार्यमा सहयोग गर्ने गरी क्रियाकलाप सञ्चालन गर्न र आवश्यकता अनुसार सहयोग गर्न आफुहरु तयार रहेको धारण व्यक्त गर्नु भएको थियो ।

## निःशुल्क आँखा जाँच तथा मोतियाविन्दुको अप्रेशन शिविर सम्न्नः

नेपालको संविधान २०७२ ले प्रदान गरेको स्वास्थ्य सम्बन्धी मौलिक हकलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न राष्ट्रिय स्वास्थ्य नीति,२०७६ जारी भएको छ । देश संघीय संरचनामा गएसँगै संघ, प्रदेश र स्थानीय तहको भूमिका तय भएको छ । संविधानको मर्म अनुसार सबै नागरिकलाई आधारभूत आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न राष्ट्रिय स्वास्थ्य नीति,२०७६ को ७ को रणनीति नं. ७.६ मा स्थानीय तहले स्वास्थ्य सेवाका स्थानीय संरचनाहरु विकास र विस्तार स्थानीय तहबाट गर्न निर्देशित गरको छ । संविधान प्रदत्त स्वास्थ्य सेवा पाउने मौलिक हकलाई सुरक्षित गर्न स्वास्थ्य सेवाको पहुँच बृद्धि गर्नुको साथै सेवाको गुणस्तरीयता बृद्धि गर्ने प्रयास भइरहेको छ ।

नियमित सञ्चालन हुने स्वास्थ्य सेवाबाट नागरिकले आधारभुत सेवा प्राप्त गरिरहेका छन । उपलब्ध साधनश्रोतका आधारमा सेवा प्रवाह गर्दा स्थानीय तहमा व्यवस्थापन गर्न नसकिने वा थप परीक्षण गर्नुपर्ने खालका समस्याहरुको निदान गर्न दक्ष/विशेषज्ञ जनशक्तिको उपलब्धता सधै नहुने र कतिपय नागरिकहरु चेतनाको कमी वा कमजोर आर्थिक अवस्थाको कारण उपचार नगराइ रहेको अवस्थामा थप जटिलता समेत आउन सक्ने सम्भावना हुन्छ ।

## निःशुल्क आँखा जाँच तथा मोतियाविन्दुको.........

गाउँपालिकामा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न विभिन्न स्वास्थ्य संस्था भए पनि आँखा सम्बन्धी चोटपटक तथा समस्याहरुको व्यवस्थापनका लागि नागरिकलाई असुविधा भएकोले आँखा सम्बन्धी आधारभूत समस्याको स्थानीय स्तरमै समाधान गरी नागरिकको धन, समय र जोखिमतालाई कम गरी राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को लक्ष्यलाई परिपूर्ति गर्न सहयोग पुऱ्याउन छत्रदेव गाउँपालिकामा प्राथमिक आँखा उपचार केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याइएको छ । उक्त केन्द्रबाट आँखा सम्बन्धी आधारभूत समस्याहरुको समाधान गर्नुको साथै मोतिविन्दु लगायत अन्य जटिल समस्याहरुको स्क्रिनिङ् गरी थप उपचारका लागि प्रेषण गर्ने कार्य नियमित पमा गरिरहेको छ । भौगोलिक रुपमा उक्त केन्द्रबाट गाउँपालिकाका सबै नागरिकले सेवा लिन सम्भव नरहेकोले नेपाल नेत्र ज्योति संघ, जिल्ला आँखा उपचार केन्द्रको सहयोगमा गाउँपालिका अन्तर्गतका सबै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई आँखा स्वास्थ्य सम्बन्धी अभिमुखीकरण गर्नुको साथै बिभिन्न स्थानमा मोतिविन्दुको स्क्रिनिङ् गर्ने कार्य गरी मोतिविन्दुको समस्या भएका नागरिकहरुलाई निःशुल्क अप्रेशन सेवा सहित आँखा जाँच शिविर सञ्चालन गरी विरामीहरुलाई स्थानीय स्तरमै अप्रेसन सहितको सेवा प्रदान गरी नागरिकलाई हुने दुःख तथा खर्चको बचत गराउने उद्येश्यले गाउँपालिकाका धेरै नागरिकलाई सेवा लिन पायक पर्ने गरी नेपाल नेत्रज्योती संघ, अर्घाखाँची आँखा उपचार केन्द्रसँगको समन्वय तथा प्राविधिक सहयोगमा छत्रगञ्ज स्वास्थ्य चौकीमा यस कार्यक्रमको आयोजना गरिएको हो ।

छत्रदेव गाउँपालिकाको आयोजनामा नेपाल नेत्रज्योती संघ अर्घाखाँची तथा अर्घाखाँची आँखा उपचार केन्द्रको प्रविधिक सहयोगमा छत्रदेव गाउँपालिका अन्तर्गत सिविर सञ्चालन गर्ने र सो सिविरमा सेवा लिन आउने मोतिविन्दुको अप्रेसन गर्ने सेवाग्राहीको नेपाल नेत्रज्योती संघको नियमानुसार लाग्ने अप्रेसनको न्युनतम शुल्क नेपाल नेत्रज्योती संघकै नियमानुसार विपन्न नागरिकलाई प्रदान गरिने छुटको अर्घाखाँची आँखा उपचार केन्द्रलाई प्राप्त कोटामा समावेश गर्ने र अप्रेसन गर्नुपर्ने तथा अन्य सेवाग्राहीलाई आवश्यक पर्ने औषधी तथा चस्मा अर्घाखाँची आँखा उपचार केन्द्रले व्यवस्थापन गर्ने र औषधी तथा चस्मा वापतको न्युनतम शुल्क अर्घाखाँची आँखा उपचार केन्द्रलाई छत्रदेव गाउँपालिकाले सोधभर्ना स्वरुप उपलब्ध गराउने गरी आपसी समझदारी भएको थियो ।

छत्रदेव गाउँपालिका र नेपाल नेत्रज्योती संघ अर्घाखाँची, जिल्ला आँखा उपचार केन्द्रको समन्वयमा भएको उक्त कार्यक्रममा आवश्यक

## नि:शुल्क आँखा जाँच तथा मोतियाविन्दुको ..........

पर्ने भवन, फर्निचर, प्रयोगशाला सेवा तथा सहयोगी जनशक्तिको व्यवस्था गाउँपालिकाले गरेको थियो भने सर्जिकल समग्री, औषधी तथा जनशक्तिको व्यवस्थापन अर्घाखाँची आँखा उपचार केन्द्रले मिलाउने गरी समझदारी भए अनुरुप व्यवस्थापन भएको थियो।

मिति २०८१/०८/१५ मा दुई पक्षको सहकार्यमा सिविर सञ्चालन हुने छत्रगञ्ज स्वास्थ्य चौकीमा अप्रेसन गर्ने स्थान लगायत सेवा सञ्चालनका लागि आवश्यक स्थानको व्यवस्थापन गरिएको थियो। मुख्य कार्यक्रम तिन चरणमा सम्पन्न भएको थियो । मिति २०८०/०८/१६ मा पहिलो चरणमा उद्घाटन कार्यक्रम सञ्चालन भएको थियो। उद्घाटन कार्यक्रमको अध्यक्षता गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठले गर्नु भएको थियो। प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डेको स्वागतमा अगाडी बढेको कार्यक्रमको सञ्चालन स्वास्थ्य चौकी प्रमुख प्रकाश पोख्रेलले गर्नु भएको थियो । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष, वडाध्यक्षहरु, सेवाप्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मी, कर्मचारीहरु लगायत स्थानीय व्यक्तिहरु साथै सेवाग्राहीहरुको सहभागिता रहेको थियो।

सिविरको मुख्य कार्यक्रम सेवा सञ्चालन मिति २०८१/०८/१६ गतेनै उद्घाटन कार्यक्रम लगतै सुरु भएको थियो। जसमा जम्मा २०१ जना सेवाग्राहीले सेवा लिएको मध्ये २२ जनाको मोतिविन्दुको अप्रेसन भएको थियो । अप्रेसन सेवा लिएका सेवाग्रहीलाई मिति २०८१/०८/१७ गते विहान फलोअप जाँच गरी परामर्श समेत गरिएको थियो।




कार्यक्रमको दोश्रो दिन सेवाग्राहीलाई फलोअप जाँच सम्पन्न गरिसके पछि कार्यक्रमको समापन कार्यक्रम गरिएको थियो । समापन कार्यक्रम गाउँपालिका अध्यक्षको अध्यक्षता उपाध्यक्ष मनी पन्थी, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखा प्रमुख बुद्धि राम न्यौपाने, चिकित्सक तथा स्वास्थ्यकर्मी, कर्मचारीको टिम लगायत सेवाग्राहि साथै स्थानीयको सहभागिता रहेको थियो भने कार्यक्रमको सञ्चालन स्वास्थ्य चौकी प्रमुख प्रकाश पोख्रेलले गर्नुभएको थियो। कार्यक्रममा कार्यक्रम सफल पार्न सहयोग गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मी, कर्मचारीहरुलाई सम्मानपत्रको माध्यमबाट सम्मान समेत गरिएको थियो।

## सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका दिवस २०८१ सम्पन्नः

राष्ट्रिय स्वास्थ्य नीति,२०४८ ले वडा स्तरमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई स्वास्थ्य कार्यक्रममा सहभागिता गराउने व्यवस्था गरेको थियो । यसका साथै त्रिवर्षिय अन्तरिम योजना (२०६४/०६५-२०६६/०६७) ले हालको महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रमलाई थप सुदृढ गर्न प्रत्येक गाउँ विकास समितीमा कोष स्थापना गर्ने रणनीति तथा ६० वर्ष उमेर पुरा गरेका महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मानपूर्वक विदाई गर्ने कुरा औंल्याएको थियो।

नेपालले स्वास्थ्य क्षेत्रको सहस्राव्दी विकास लक्ष (Millennium Development Goal) मा गरेको प्रगतीमा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको भूमिका उल्लेखनिय रहेको छ । जनताको स्वस्थ्य स्थितीमा देखिएको क्रमिक सुधार मुख्यतः मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा आएको कमीमा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको सकृय भुमिकालाई नेपाल सरकारले उच्च मुल्याङ्कन गरेको छ। दिगो विकास लक्ष (Millennium Development Goal) हासिल गर्न स्वास्थ्यको क्षेत्रमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिका स्पष्ट देखिन्छ।

नेपालको संविधान २०७२ ले स्वास्थ्यलाई एक आधारभूत मौलिक हकको रुपमा स्थापित गरेको छ, भने उक्त संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको शिर्जना गर्न राष्ट्रिय स्वास्थ्य नीति,२०७६ जारी भएको छ। देश संघीय संरचनामा गए अनुसार संघ, प्रदेश र स्थानीय तहको भूमिका तय भएको छ। संविधानको मर्म अनुसार राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को ६.६ को रणनीति नं. ६.६.६ मा स्वास्थ्य सेवामा स्वयंसेवकको अवधारणालाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको परिचालन तथा व्यवस्थापन स्थानीय तहवाट गर्न निर्देशित गरको छ।

संविधान प्रदत्त जनताको स्वास्थ्य सेवा प्राप्त गर्न पाउने मौलिक हक सुरक्षित गर्ने, सहस्राव्दी विकास लक्ष प्राप्तिमा महत्वपूर्ण योगदान पुराउने सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको योगदानको उच्च मूल्याङ्कन गर्दै लामो समय सम्म सेवा गरी विदा हुने महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मान गर्न छत्रदेव गाउँपालिकाले "छत्रदेव गाउँपालिकामा महिला स्वास्थ्य स्वयं सेविकाका लागि दीर्घ सेवा सम्मान सम्वन्धि कार्यविधि २०७७" निर्माण गरी कार्यन्वयनमा ल्याएको छ।

विना पारिश्रमिक नियमित स्वास्थ्य सेवामा समर्पित रहने सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको कामको मूल्याङ्कन

## सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका दिवस २०८१ सम्पन्नः

मूल्याङ्कन गरी थप उत्साहित भई उच्च मनोवलका साथ सेवा गर्ने वातावरण तयार गर्न विगत वर्ष देखि अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस तथा राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका दिवसको अवसरमा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट अघिल्लो आर्थिक वर्षको कामको मूल्याङ्कनका आधारमा सिफारिस गरी पठाएका एक एक जना उत्कृष्ठ  सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई नगद पुरस्कार सहित सम्मान तथा दश वर्ष भन्दा बढि सेवा गरी स्वैच्छिक अवकाश लिने सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सेवाबाट अवकाश हुँदा रित्तो हात फर्किनु नपरोस भनी सम्मान तथा "छत्रदेव गाउँपालिकामा महिला स्वास्थ्य स्वयं सेविकाका लागि दीर्घ सेवा सम्मान सम्वन्धि कार्यविधि २०७७" वमोजिमको रकम समेत उपलब्ध गराउने गरी आ.व. २०८१/०८२ को कार्यक्रम तथा वजेटमा समेत व्यवस्था भए अनुरुप यस कार्यक्रमको आयोजना गरिएको हो । यस वर्ष २१ औं राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका दिवस रहेको र यस वर्षको उक्त दिवसको नारा "विविध स्वास्थ्य क्रियाकलापमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिका, स्वस्थ समाज निर्माणमा सहभागिता"  रहेको थियो ।

अन्तरर्ष्ट्रिय स्वयंसेवक दिवश संगै राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वयंसविका दिवस मंसिर २० तदनुसार ५ डिसेम्वर २०२४ मा परेकोले सोही दिन २ऌ औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको अवसरमा महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको वार्षिक समीक्षा, अन्तरक्रिया, सम्मान तथा विदाई कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा गाउँपालिका अन्तर्गतका सबै सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका, दिर्घ सेवा सम्मान प्राप्त गर्ने अवकाश प्राप्त सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका, छत्रदेव गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठ, छत्रदेव गाउँपालिकाका उपाध्यक्ष मनी पन्थी, छत्रदेव गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री राजन पाण्डे, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्षहरु, स्वास्थ्य संस्था प्रमुखहरु, स्वास्थ्यकर्मीहरु लगायतको सहभागितामा सम्पन्न कार्यक्रमको अध्यक्षता गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठले गर्नुभएको थियो । सि.अ.हे.व. मेघराज न्यौपानेले सञ्चालन गरेको कार्यक्रममा गाउँपालिका स्वास्थ्य शाखा प्रमुख बुद्धि राम न्यौपानेले सबैलाई स्वागत गर्दै उद्धेश्य माथि प्रकाश पार्नु भएको थियो ।

कार्यक्रममा महिला स्वास्थ्य स्वयंसेविकाहरुको तर्फबाट स्वागत एवं सन्देशमुलक गीतको समेत प्रस्तुती गरिएको थियो ।

कार्यक्रममा महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको पृष्टभुमी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०७६,

## सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका दिवस २०८१ सम्पन्नः

आमासमूह, महिला स्वास्थ्य स्वयंसेविकाको छनोट, भूमिका र अवकाश लगायतका विषयवस्तु साथै आर्थिक वर्ष २०८०/०८१ को गाउँपालिकाको महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको प्रगती समेत समेटेर प्रस्तुतीकरण गर्नुको साथै महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रममा देखिएका सवल तथा दुर्वल पक्षको वारेमा समेत चर्चा गर्नुभएको थियो ।



समीक्षात्मक प्रस्तुतीकरण पछि २०८० मङ्सिर देखि २०८१ कार्तिक महिना सम्म अवकाश प्राप्त सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि छत्रदेव गाउँपालिकामा महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि दीर्घ सेवा सम्मान सम्बन्धी कार्यविधि, २०७७ बमोजिम नगद, सम्मान पत्र र सम्मान सलको माध्यमबाट सम्मान गरिएको थियो । यसै गरी आर्थिक वर्ष २०८०/०८१ को कार्यसम्पादनका आधारमा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट उत्कृष्ट सिफारिस गरिएक सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरु लाई नगद पुरस्कार, सम्मान पत्र र सम्मान सलको माध्यमबाट सम्मान गरिएको थियो ।



सम्मानको कार्यक्रम सम्पन्न गरे पश्चात अन्तरक्ररिया गरी सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाबाट राखिएका जिज्ञाशाको समाधान गरिएको थियो । कार्यक्रममा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको तर्फबाट किमकला भुसाल, स्वास्थ्य संस्था प्रमुखहरुको तर्फबाट ठूलापोखरा स्वास्थ्य चौकी प्रमुख विश्वदेव न्यौपाने, वडाध्यक्षहरु तेजप्रसाद खनाल  र कमल पौडेल, प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डे, गाउँपालिका उपाध्यक्ष मनी पन्थी, गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठ लगायतले शुभकामना मन्तव्य राख्नु भएको थियो ।

## छत्रदेव गाउँपालिका तथा मातहतका निकायहरुबाट २०८० कार्तिक महिनामा प्रदान गरिएका सेवा सम्बन्धी विवरण

| क्र.सं. | विवरण | सेवाग्राहीको संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | नयाँ सेवाग्राही | ८४२ | ५६५ | १४०७ | |
| २ | जम्मा सेवाग्राही/नयाँ तथा पुरानो | १८०६ | १२४५ | ३०५१ | |
| ३ | किशोर किशोरी सेवाग्राही संख्या | १७८ | १४८ | ३२६ | |
| ४ | ज्येष्ठ नागरिक सेवाग्राही | ५९८ | ५५२ | ११५० | |
| ५ | बहिरंग सेवाका सेवा ग्राही नयाँ | ११९४ | ९२० | २११४ | |
| ६ | बहिरंग सेवाका सेवा ग्राही पुरानो | ८४८ | ६६१ | १५०९ | |
| ७ | नियमित खोप सेवा प्रदान गरिएको | १०५ | १२६ | २३१ | |
| ८ | पूर्ण खोप पाएका बालबालिका | १८ | १८ | ३६ | |
| ९ | बृद्धि अनुगमन गरेको नयाँ ०-२३ महिनाका बालबालिका | १० | १२ | २२ | औषत भेट १८ पटक |
| १० | बृद्धि अनुगमन गरेको पुराना ०-२३ महिनाका बालबालिका | १६३ | २३४ | ३९७ | |
| ११ | कम तौल भएका बालबालिका संख्या | २ | ० | २ | |
| १२ | पहिलो पटक गर्भजाँच गरेको संख्या | २७ | | २७ | |
| १३ | प्रोटोकल बमोजिम चार पटक गर्भजाँच गरेको संख्या | १६ | | १६ | |
| १४ | २० बर्ष मुनिका गर्भवती संख्या | ३ | | ३ | |
| १५ | प्रोटोकल बमोजिम आठ पटक गर्भजाँच गरेको संख्या | १२ | | १२ | |
| १६ | स्वास्थ्य संस्थामा प्रसूति संख्या | ६ | | ६ | |
| १७ | स्वास्थ्य संस्थामा CB-IMNCI मा सेवा दिएको | ७९ | ८२ | १६१ | |
| १८ | कण्डम वितरण गोटा | | | ६६६५ | CPR 36.97 % |
| १९ | प.नि. साधन नयाँ प्रयोगकर्ता | ३१ | | ३१ | |
| २० | प.नि. साधन नयाँ प्रयोगकर्ता <२० बर्ष | ० | | ० | |
| २१ | प.नि. साधन लगातार प्रयोगकर्ता | १०८० | १३८ | १२१८ | |
| २२ | यस महिनामा दर्ता भएका क्षयरोगी | ० | १ | १ | |
| २३ | यस महिनामा दर्ता भएका कुष्ठरोगी | ० | ० | ० | |
| २४ | गाउँघर क्लिनिक | | | २९३ | |
| २५ | म.स्वा.से. | | | १६४२ | |
| २६ | विपन्न नागरिक उपचार कोष सिफारिस | ० | २ | २ | |
| २७ | प्रदेश स्वास्थ्य उपचार विशेष सिफारिस | १ | १ | २ | |
| २८ | अति असाध्य रोग राहत सिफारिस | ० | ० | ० | |

### किशोरीहरुलाई आईरन फोलिक एसिड वितरण कार्यक्रम

**आईरन फोलिक एसिड खुवाउँदा ध्यान दिनुपर्ने कुराहरु**

आईरन फोलिक एसिड खुवाउनुभन्दा अगाडि किशोरी तथा तीनका अभिभावकहरूलाई अनिवार्य रूपमा निम्नलिखित कुराहरूको जानकारी दिनुपर्दछः

- किशोरावस्थामा आईरन तथा फोलिक एसिडको महत्व किन हुन्छ र यसको कमी भएमा किशोरीहरूको स्वास्थ्य र पोषणमा के कस्तो हानी हुनसक्छ।
- आईरन फोलिक एसिड खाँदा प्रशस्त पानी पिउनु पर्दछ।
- आईरन फोलिक एसिड खाए पछि कसै कसैलाई सामान्य असरहरू (जस्तैः वाकवाकी लाग्ने, छाती पोल्ने, कब्जियत हुने, कालो दिसा आउने, आदि) हुनसक्ने सम्भावना हुन्छ, तर ती सामान्य असरहरू हुन् र केहि दिन पछि आफै ठिक हुन्छ। यद्यपि त्यस्तो भएमा किशोरी तथा उनीहरुका अभिभावकहरुलाई नजिकैको स्वास्थ्य चौकीमा गएर सल्लाह लिन सुझाव दिन सकिन्छ। साथै, त्यस किसिमका असरहरू न्यूनीकरण गर्नको लागि आईरन फोलिक एसिड सकेसम्म खाली पेटमा खान नदिने।
- आईरन फोलिक एसिड खुवाउँदा कम्तीमा पनि खाना खाएको १ घण्टा पछि खुवाउनु पर्दछ।
- लामो समयसम्म विद्यालय बिदा (विद्यालय जाने किशोरीहरुको लागि) भएको समयमा, वा किशोरीहरू अन्त कतै जाने भएमा पनि आईरन फोलिक एसिड खान छुटाउन हुँदैन।
- यदि कुनै किशोरी गर्भवति भएमा वा साप्ताहिक आईरन फोलिक एसिड खाईरहेको क्रममा किशोरी गर्भवति भएमा उनीहरूलाई गर्भावस्था र सुत्केरीमा दिइने नियमित आईरन फोलिक एसिड खानको लागि स्वास्थ्य संस्था/स्वास्थ्यकर्मी कहाँ प्रेषण गर्ने र बच्चा जन्मेको ४५ दिनपछि फेरि किशोरीलाई आईरन फोलिक एसिड वितरण प्रणाली अनुसार आईरन फोलिक एसिड खुवाउने।
- आईरन फोलिक एसिड खानुको साथसाथै आफ्नो गाउँघर, समुदायमा पाईने आईरनयुक्त खानेकुराहरू (जस्तैः फल मासु, हरिया सागपात, कोदो, कोदो र मासको दाल मिसाएर, गुन्द्रुक, कलेजो, रक्ति आदि) पनि दिनहुँ खानुपर्दछ। साथै हरिया सागपात, कोदो, गुन्द्रुक आदि वनस्पतिजन्य खानेकुरा खाँदा भिटामिन 'सी' युक्त फलहरू जस्तैः कागति, अमला, निबुवा आदि पनि खानुपर्दछ।



**सम्पादकः**

**बुद्धि राम न्यौपाने**

**जनस्वास्थ्य नीरिक्षक**

**छत्रदेव गाउँपालिका**

छत्रदेव गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

स्वास्थ्य शाखा

छत्रगञ्ज, अर्घाखाँची